# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७७

## सवैला नगरपालीका
## धनुषा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं.१ र प्रदेश नं २ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २९९

मिति : २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
सवैला नगर कार्यपालिकाको कार्यालय, धनुषा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं २९९

मिति: २०७७।३।२६

श्री नगरप्रमूखज्यू,
सवैला नगरपालिका
धनुषा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सवैला नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १५ करोड ५० लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड १७ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड ०४ लाख ६८ हजार नियमित गर्नुपर्ने रु.५ करोड १९ लाख ०६ हजार पेश्की बाँकी रु.४ करोड ९ लाख २८ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।०२।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना ६० यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।



Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं. २ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक



Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# सवैला नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालीका अर्न्तगत १३ वडा रहेको ६२ सभा सदस्य ६४.४७ व.की.मी.क्षेत्रफल, ४५८७९ जनसंख्या, २ नं. प्रदेशमा अवस्थित छ ।

**१ स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

आर्थिक वर्ष २०७५।७६ को आय व्यय विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १८३९९५५०९.१६ | १ | चालु खर्च(राजश्व वाडफाड) | ५८१२५७०८.०० | ५८१२५७०८.०० |
| | क) नगद | | | २ | पूँजीगत खर्च(वित्तिय समानिकरण) | २०२८०२२१९.०० | २०२८०२२१९.०० |
| | ख) बैंक | १८३९९५५०९.१६ | | ३ | सशर्त अनुदान | १४६६४६६७५.०० | १४६६४६६७५.०० |
| २ | राजस्व (आन्तरिक आय) | | ८४२७४७३५.८२ | ४ | प्रदेश सरकार सशर्त अनुदान | १००००००.०० | १००००००.०० |
| | क) आन्तरिक राजस्व | १०९४२८८७.०० | | ५ | सामाजिक सुरक्षा | ७६२८३४००.०० | ७६२८३४००.०० |
| | ख) राजस्व बाँडफाँड | ७३३३१८४८.८२ | | ६ | अन्तर सरकारी बजेट | | १५३६४३५८.०० |
| ३ | वित्तीय हस्तान्तरण | | ३०७२४६०००.०० | | बहुक्षेत्रिय पोषण कार्यक्रम | ११४५००० | |
| | क)वित्तीय समानीकरण अनुदान | १४३७००००० | | | प्रधानमन्त्री रोजगार का. | ४२६८४९.०० | |
| | ख) सशर्त अनुदान | १६३५४६००० | | | स्थानीय विकास कार्यक्रम | १०६८५२३६.०० | |
| ४ | अन्तर सरकारी वजेट | | ९१६४७७५८.०० | | अर्थ वजेट | ३१०७२७३.०० | |
| | समाजिक सुरक्षा | ७६२८३४०० | | ७ | राजश्व(वेरुजु) दाखिला | १०९२५०४०.०० | १०९२५०४०.०० |
| | बहुक्षेत्रिय पोषण | ११४५००० | | ८ | धरौटी फिर्ता | २३७०५००.०० | २३७०५००.०० |
| | प्रधानमन्त्रि रोजगार | ४२६८४९ | | ९ | मौज्दात | | १८२७७२०४८.९८ |
| | स्थानीय पुर्वाधार विकास | १०६८५२३६ | | | बैंक | १८२७७२०४८.९८ | |
| | अर्थ वजेट | ३००७२७३ | | | | | |
| ५ | जनसहभागिता | १२४१६७९१ | १२४१६७९१ | | | | |
| ६ | धरौंटी आय | ७४४८५०० | ७४४८५०० | | | | |
| ७ | प्रदेश तर्फ | | १६४२८००० | | | | |
| | वित्तिय समाणिकरण अनु. | ३१९०००० | | | | | |
| | शर्सत अनुदान | १०००००० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राजश्व बाँडफाड | ३२३८००० | | | | | |
| ८ | विविध | | १८३२६५५ | | | | |
| | सडक बोर्ड | ६८२२५५ | | | | | |
| | कर्मचारी कल्याण कोष | १०००००० | | | | | |
| | दैवी प्रकोप उद्धार कोष | १५०००० | | | | | |
| | जम्मा | ७०५२८९९४८.९८ | ७०५२८९९४८.९८ | | जम्मा | ७०५२८९९४८.९८ | ७०५२८९९४८.९८ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सातदिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ आषाढ १६ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्चगर्ने अख्तियारी उपलब्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली,२०६४वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| ३. | **जनसहभागिता –** नगरपालिकाले जनसहभागिता वापत रु. १,२४,१६,७९१.०० आय प्राप्त गरेको एकिकृत आर्थिक विवरण बाट देखिन्छ । उक्त रकम भिडाँन गर्न योजनागत जनसहभागिता अंशको अभिलेख राखेको छैन । प्राप्त रकम मध्ये कति खर्च भई कति वाँकि छ सो समेत देखिएन । अत जनसहभागिता वापत प्राप्त रकम अभिलेख राखि पारदर्शि बनाउनु पर्दछ । | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्य, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगर सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न नगरी २०७५ आषाढ १५ गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिम आ.व. २०७५/७६ को आय तथा व्ययको अनुमान पेश गरेको छ : | |
| | यस वर्ष नगरसभाले देहाय वमोजिमको वजेट प्रस्तावित गरेको अवस्था छ : | |

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १४३,७००,०००.०० |
| २ | संघीय सरकारवाट प्राप्त हुने सशर्त अनुदान | १४२,७००,०००.०० |
| ३ | नगरपालिकाको आन्तरिक आम्दानी | २४,०००,०००.०० |
| ४ | सामाजिक सुरक्षा अर्न्तगत प्राप्त आम्दानी | ९०,०००,०००.०० |
| ५ | प्रदेश सरकार | १६,५६५,०००.०० |
| ६ | अन्य आय | १७२,८००,०००.०० |
| ७ | जनसहभागिता | ०० |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>८</td><td>राजश्व वाडफाड</td><td>८९,५३७,०००.००</td></tr>
<tr><td></td><td>कुल आय</td><td>६७९,३०२,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>यस आर्थिक वर्ष  को लागी सभाले देहाय वमोजिम खर्च हुने अनुमान पेश गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्रशासनिक खर्च(चालु)</td><td>११९,१९५,०००.००</td></tr>
<tr><td>२</td><td>संस्थागत क्षमता विकास</td><td>१९,५०,०००.००</td></tr>
<tr><td>३</td><td>नगर स्तरिय योजना</td><td>१२२,१००,०००.००</td></tr>
<tr><td>४</td><td>वडा स्तरिय योजना</td><td>१३९,३५७,०००.००</td></tr>
<tr><td>५</td><td>क्रमागत योजना</td><td>२६०,००,०००.००</td></tr>
<tr><td>६</td><td>भैपरि आउने पूजिगत खर्च</td><td>१८,०००,०००.००</td></tr>
<tr><td>६</td><td>सामाजिक सुरक्षा</td><td>९०,०००,०००.००</td></tr>
<tr><td>७</td><td>केन्द्रीय सशर्त अनुदानबाट प्राप्त</td><td>१४२,७००,०००.००</td></tr>
<tr><td>८</td><td>अन्य खर्च तथा म्याचिङ्ग फण्ड</td><td>२०,०००,०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७९,३०२,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.१</td><td>अनुमानमा घटी आय : पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,४०,००,०००/-लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा यस आर्थिक वर्षमा रु.१,०९,४२,८८७/- आम्दानी प्राप्त भएको छ । सभाले पास गरेको आय व्यय अनुमान भन्दा रु.१३०,५७,११३ घटी आम्दानी प्राप्त हुँदा अनुमान भन्दा ५४ प्रतिशत .घटी प्राप्त भएकोले यथार्थ रुपले के कुन श्रोतबाट कति आम्दानी प्राप्त गर्ने हो सोको क्षेत्रसमेत अध्ययन गरी अनुमान तयार गरिनुपर्दछ । आयको अनुमान र वास्तविक प्राप्ति वीच फरक पर्नाको कारण पहिचान तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्नेतर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>४.२</td><td>आम्दानी :आन्तरिक आयका श्रोतहरु मध्ये भूमिकर मालपोत,घर बहालकर,बहाल विटौरी शुल्क,अन्य प्रशासनिक शुल्क,सिफारिस दस्तुर,व्यवसाय रजिष्ट्रेशन दस्तुर साथै प्रशासनिक दण्ड जरिवाना र जफ्त लगायतका  विभिन्न राजश्व दस्तुर समेतबाट रु.१,०९,४२,८८७०० आम्दानी प्राप्त भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:</td><td></td></tr>
<tr><td>४.३</td><td>न्यून आय :वडागत आय संकलन विवरण अनुसार १ देखि १३ वडाबाट मालपोत बाट रु.२,०३,३२५। ढुंगा गिट्टी रोयल्टी तर्फ १३ नं. वडाबाट रु.४५,०००। र विभिन्न दस्तुर रुं४,९४,२०८। समेत जम्मा रु.७,४२,५३३। न्यून आय प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>४.३.१</td><td>आय ठेक्का: नगरपालिका अन्तर्गत २५ पोखरी र ५ हाट बजार रहेको विवरण पेश भएको छ । ती पोखरी र हाटबजारबाट आम्दानी प्राप्त भएको देखिएन । वडा नं. ३,४,७,९,११ का २१ वटा पोखरी चालु आर्थिक वर्षमा ठेक्का लागेको विवरणमा उल्लेख छ । वडा नं. १ को १ पोखरी विधालयको मातहत रहेको र वडा नं.६ का् १ पोखरी विवादित रहेको र वडा नं.१० को २ पोखरी ठेक्का नलागेको विवरणमा देखिएको छ ।<br>हाट वजार ३ वटा ठेक्का लागेको ,१ विधालयका मातहत रहेको र १ ठेक्का नलागेको विवरण पेश भएको छ । नगरपालिकाको आन्तरिक आयमा महत्वपूर्ण श्रोतको रुपमा परिचालन हुन सक्ने पोखरी ठेक्का र हाटवजारबाट यस वर्ष उल्लेखनिय आय प्राप्त नभएकोमा नगरपालिकाले  आवश्यक छानविन  गरी छुट आम्दानी प्राप्तगर्नु पर्ने देखिए असूल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३.२</td><td>अभिलेख :नगरपालिकाले सम्पत्तिको लगत तथा राजश्व आन्तरिक आय सम्बन्धमा सवै वडा कार्यालय(१-१३)अन्तर्गत सरकारी सम्पत्ति जस्तै पोखरी,हाटवजार, ऐलानी पर्ति , गौचर, मशान, सडक, कुलो पैनी तथा अन्य सरकारी दायित्वको विवरण २०७६।८।९मा माग गरिएकोमा सोको विवरण,अभिलेख  वडा कार्यालयहरुबाट पठाएको वा नगरपालिकाले प्राप्त गरी अद्यावधिक गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>४.३.३</td><td>विवरण : वडा कार्यालयहरुले  चालुवर्षमा पोखरी,हाटबजार आदिमा आन्तरिक आयको ठेक्का लगाएको भनिएकोमा के कति रकममा के कुन ठेक्का लगाएको हो सोको अद्यावधिक विवरण पेश भएन । वडागत रुपमा प्राप्त भएको आम्दानीको अभिलेखीकन गर्ने व्यावस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४.३.४ | नगरपालिका अधिनस्थमा रहेको कुसमाहाको स्थान पोखरी,धोवियाही,नरही र गरकाही पोखरी जम्मा ४ वटा पोखरी साविक ननुपट्टि ४ का श्री जगदिश मुखियालाई २०७३।३।२ मा प्रतिवर्ष रु.२५,००,६००।-का दरले ३ वर्षका लागि र थप १ वर्ष गरी ४ वर्षको लागि ठेक्का लगाएको देखिएको छ । उक्त ठेक्का वापतको रकम हालसम्म पनि नगरपालिकामा जम्मा नगरेकोले ०७६ आषाढ २ गते सम्म ३ वर्षको ठेक कवोल रकम रु.७५,०१,८००।- सरकारी ठेक्काको रकम सरकारी बाँकी सरह कारवाही गरी असूल गर्नुपर्दछ ।<br>यस सम्बन्धमा नगरपालिकाले बक्यौता रकम जम्मा  गर्न कारवाहि गरि रहेको जानकारी गराएको छ । | ७५,०१,८००।- |
| ५. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी  र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । नगरसभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षणसमेत  गरेको छैन । | |
| ६. | **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछ एवं प्रचलित कानुन पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने र सोहि नियमावलीको नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :<br>• वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८)<br>• नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्ने,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी मालसमानको लिलाम/मर्मत नभएको<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  ९५(२) बमोजिम उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि  कार्यक्रम व्यवस्थित नगरेको ,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,<br>• राजस्वको लगत तयार नगरेको,<br>• वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको,<br>• प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,<br>• योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको,<br>• वितरणमूखी कार्यक्रमलाई बढावा दिएको,<br>• पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको ,<br>• स साना योजनालाई प्राथमिकता अपनाएको,<br>• कोषहरुको कार्यविधि कानून नवनाएको,<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको, | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | • कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको,<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको,<br>• संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको,<br>• आर्थिक वर्षको अन्तमा पुँजिगत खर्चको चाप परेको,<br>• समयभित्रै सम्पन्न नहुने ठेक्काहरुवाट पूर्वनिर्धारित क्षतिपूर्ति असूल नगरेको,<br>• कार्य सम्पादन जमानीकोको मान्य अवधि नविकरण भएको नदेखिएको,<br>• उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन बाँकीको विवरण प्राप्त नभएको ,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,<br>• कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,<br>• राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,<br>• स्थानिय तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको,<br>• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको,<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था पालना नगरेको,<br>• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण गरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,<br>• विविध खर्चमा नियन्त्रण नरहेको,<br>• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,<br>• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई सन्तुलन र नियन्त्रणमा ध्यान नदिएको,<br>• योजना निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण नभएको ,<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण र मर्मत सम्भारको जिम्मा सहित योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,<br>• आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ बमोजिम विनियोजन,राजश्व,धरौटी,जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था भएकोमा.....<br>• लेखा श्रेस्ता अद्यावधिक भए नभएको,<br>• जिन्सी खाता,बैक नगदी किताव लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको,<br>• आम्दानी तर्फको म.ले.प.१०८,२३ जस्ता खाता नराखेको,<br>• म.ले.प. ४७,५२ जिन्सी खाता अद्यावधिक नगरेको ,<br>• समयमा पेश्की फछ्र्यौट नगरेको,<br>• पूजिगतको बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको,<br>• नियम बमोजिम खर्चको विल भरपाईको तेरिज,जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,<br>• ईन्धन खर्चको लगबुक नराखेको,<br>• नापी किताव लुजसिटमा रहेको ।<br>नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएकोहुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ७. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। नगरपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ। | |
| ८. | **आन्तरीक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ नराखेको देखियो। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। कार्यालयले यस वर्ष आन्तरीक आय तर्फ रु १०९४२८८७.०० आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिष्ट्र मा नगदी र वैंक भौचर अनुसारको आम्दानी जनाई गोश्वरा भौश्वरा खडा गरी आम्दानी नगरी वैंक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो । कार्यालयबाट आर्थिक वर्ष भरी कति नगदी रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भइ कति रसिदको आम्दानी गर्न बाँकी छ। सो देखिने विवरण लेखापरीक्षणको लागि पेश भएन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेको रकमको सम्वन्धमा आम्दानी हुनु पर्ने रकम सवै आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन। | |
| ९. | **आय उपकरण परिचालन –** पालिकामा उपकरण रहेको र उपकरणको चालक र इन्धन समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। उपकरणहरु नगरपालिकाका प्रमुख , उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ। नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ।<br><br>सि.नं \| सामानको विवरण \| इन्धन लागत \| जनशक्ति लागत \| मर्मत लागत \| आय \| खर्च \| वचत<br>१ \| टयाक्टर \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने<br>२ \| जे.सी.वि. मेशिन \| नखूल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने<br>३ \| एम्वुलेन्स \| नखूल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने \| नखुल्ने | |
| १०. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ। | |
| ११. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपणमा छुट्याएको समेत देखिएन । वडास्तरिय योजना शुरुमा रु.१३ करोड ३९ लाख ५७ हजार र नगरस्तरिय योजनामा १२ करोड २१ लाख छुट्याएको देखिन्छ । | |
| १२. | **योजना** : योजना वाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । २६७ वडास्तरिय र ३३ वटा नगरस्तरिय योजना गरी ३०० योजना रहेका छन । १३ वडामा योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधारजन्य योजना छनौट गरिनू आवश्यक देखिन्छ । | |
| १३. | **वजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रमा एकै खालका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । दोहोरो पर्ने सम्भावना समेतका योजना छनौटलाई राकिनूपर्दछ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।: | |
| १४. | **सुत्रको प्रयोग** : नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए पनि यस आर्थिक बर्षमा लागु गरेको पाइएन । उक्त सफ्टवेयरमा पालिकाकालागि आबश्कय सबै तथ्याँङ्क व्यबस्थित र भरपर्दो रुपमा प्राप्त हुने र त्यसमा रहेका कमी कमजोरीलाई निरन्तर सुधार गर्दै लाने भन्ने व्यबस्था भएकोले SUTRA को प्रयोगलाई प्राथमिकताका साथ लागू गर्न नगरपालिकाको ध्यान जानु आबश्यक देखिन्छ । | |
| १५. | **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा १ पटकमात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ । यस वर्ष आन्तरिक लेखा परिक्षणबाट औंल्याएका देहायका बेरुजु हाल सम्म लगत कट्टा नगराएकोले ऐनको निर्दिष्ट व्यवस्थाको पालना नभएकोले आन्तरिक लेखापरीक्षणबाट औंल्याएका निम्नानुसारका वेरुजु असूल फछ्र्यौट गर्नु पर्दछ ……………………रु. | २१७७९०९.१७ |

| वजेट शिर्षक नं. | आ.ले.प. सि.नं. | आन्तरिक लेखापरीक्षण व्यहोरा | रकम |
|---|---|---|---|
| ६०१०१८३ | १ | भौचर नं.३,६/पारीश्रमिक कर कट्टिको दाखिला भौचर पेश नभएको..........रु. | १३,५७३।- |
| ३७११०८३/ | १ | भौचर नं.६,८,१०/ कर कट्टिको दाखिला भौचर पेश नभएको..........रु. | ३,९८३।- |
| ३६५०१५३/ सामाजिक सुरक्षा | ३ | भौचर नं.१,१०/भरपाई नपूग भएकोले सम्बन्धित वडा सचिवबाट असूल गर्ने... | ३१,६००।- |
| | | वडा नं.१,२,३ का वडा सचिव श्री कामेश्वर महासेठ .रु. १९,२०० | |
| | | वडा नं.१२ का वडा सचिव श्री भिष्मण राउत गडेरी.....रु. ४,८०० | |
| | | वडानं.१३ का वडा सचिव श्री श्यामकुमार यादवरु .७,६०० | |
| चालु खर्च/ सशर्त अनुदान | ४ | भौचर नं.४१६,४२० बाट सफ्टवेयर तालिम सहभागि भत्ता बुझेको भरपाई पेश नभएको........रु. | ५७,८००।- |
| | ७ | भौचर नं.४९,८२,९३,१७१,२०८,२२१,२८५,२९१,३०३,३०४/८ जनालाई विल भरपाई /प्रमाण भएको..............रु. | ४,३७,७१३।- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | ८ | राम जानकी मा.वि.लाई प्रथम चौमासिक रकम मागफाराम भन्दा बढी ......रु. | २१०,०३०।- |
| | ९ | ३१/२०७५।१२।२४,डा.नविन कुमार यादवले रु.३,७९८।-बुझेको भरपाई नरहेको,स्वास्थ्य स्वयम सेविकाहरुलाई वितरण गरेको रु.५,३९,५००।-भरपाई नभएको । | ५३९५००। |
| पूजिगत खर्च | ६ | विल भरपाई बेगर खर्च लेखेको | ५,०७,४०२।- |

| भौचर | विवरण | रकम |
|---|---|---|
| ६४ | कार्यक्रम खर्च | १५००००। |
| २७४ | वडा नं.४ पटेर्वाको चौक देखि कौरनियाको घर सम्म माटो,ग्रावेल | ३०४००२। |
| ३२९ | कर्मचारी श्री महादेव यादव मार्फत खर्च | ५३४००। |
| जम्मा........ | | ५,०७,४०२।- |

| | | | |
|---|---|---|---|
| | १० | भौचरनं. २,५,७,५०,५३,७३,७६,१०७,११०,११५,११८,१८९,२०८, २२७, २३२, २५६, २७३ ,३२४ र ३४१ विभिन्न व्यक्ति,उपभोक्ता समितिको विल भरपाई तथा प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी................रु. | २१०५४०/१७ |
| | ११ | रित पूर्वकको बिल, वि.ओ.क्यू., र कर चुक्ता प्रमाण वेगर कोटेशनमा कार्य गराएको नियमित नदेखिएको । | |
| | १२ | आ.ले.प. साथ संलग्न अनुसूची बमोजिमका भौ.नं.४,४२,४३,७३,७४ , ७५,७६, १७०,१७५, १८३,१८७ र ३३४का भौचरबाट पारिश्रमिक कर, बहालकर तथा अग्रिम आयकर श्रोतमा कट्टि नगरेको...रु. | १६५,७६८।- |
| | १६ | विभिन्न मूल्य अभिवृद्धि कर विजक विल वेगर पान विलबाट भुक्तानी गरेको नियमसम्मत भएन । | |
| प्रदेश २,सरकार | १ | भौचर नं ४,५ रित पूर्वकको कर विजक विल संलग्न नगरी उपभोक्ता समितिलाई भुक्तानी दिएको मनासिव देखिएन । | |
| | | जम्मा................................रु. | २१७७९०९.१७ |

| | | |
|---|---|---|
| १६. | **बार्षिक आर्थिक कारोवारको प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार,प्रतिवेदन प्राप्त नभएकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| १७. | **आन्तरिक ऋण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| १८. | **धरौटी** : गत वर्षको वाँकी रु.२५,१७,७३५।०० मा यो वर्ष रु.७४,४८,५००।०० समेत रु.९९,६६,२३५।०० मा यो वर्ष रु.२३,७०,५००।०० फिर्ता गरी रु.७५,९५,७३५।००मौज्दात वाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष वाइज आयू वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा साथै ल्याएको, धरौटी राख्नेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरिनू पर्दछ । | |
| १९ | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br>त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>लक्ष्य प्रगतीको स्थिति : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका वडा स्तरिय तथा नगर स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । नगरपालिकाको वित्तिय प्रगती निम्नानुसार देखिन्छ : रु.000मा)
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>वजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>समानीकरण अनुदान (राजस्व र प्रदेश समेत)</td><td>३९२२०३</td><td>२६०९२८</td><td>६६.५२</td></tr>
<tr><td>२</td><td>सशर्त अनुदान</td><td>१६३५४६</td><td>१४६६४७</td><td>८९.६६</td></tr>
<tr><td>३</td><td>लाईन आईटम वजेट</td><td>९१६४८</td><td>९१६४७</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.१</td><td>वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगती अपेक्षापूर्ण वनाउन आवश्यक छ । वित्तिय समानिकरण अनुदानमा व्यवस्था भएको वजेट अनुरुप कार्यक्रम संचालन गर्न योजनाहरु तय गरेतापनि योजना पूर्ण रुपले सम्पन्न नगर्ने स्थितिले वजेट व्यवस्था पूर्णरुपमा खर्च नभएको स्थिति छ । पूर्वाधारजन्य सम्पत्तिमा खर्च गरी वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन ध्यानाकर्षण गरिएको छ ।</td><td></td></tr>
<tr><td>२१</td><td>योजनागत लक्ष्य प्रगति : नगरपालीकाको २०७५।१०।१६ को सभावाट आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक श्रोत तथा वित्तिय समानीकरण अनुदान समेत वाट विभिन्न १३ वडामा नगरस्तरिय तथा वडा स्तरिय योजना तय गरेकोमा अधिकांश योजना पूर्वाधारजन्य रहेका छन् । योजना छनौट गर्दा आर्थिक,सामाजिक,प्रकोप तथा लक्षित वर्गमा केन्द्रित गरी सन्तुलित तथा समानुमातिक विकासमा जोड दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td>योजना कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td>अनुगमन तथा सुपरिवेक्षण : स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा अध्यक्ष र उपाध्यक्ष र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा अध्यक्ष र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा साधनस्रोतको अधिकत्तम उपयोग , सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२४</td><td>अवण्डा - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले वजेट तथा निति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित वजेट तथा कार्यक्रममा अधुरा योजना तथा कार्यक्रम,मैचिङ्ग फण्ड,भैपरी आउने पूजिगतसमेत अवण्डाको रुपमा रु.५ करोड ४० लाख विनियोजन गरेको देखियो । नगर सभावाट विस्तृत रुपमा योजनागत रकम बाडफाड नगरी अवण्डाको रुपमा बजेट विनियोजन गरी कार्यपालिकाको निर्णयको आधारमा योजनामा रकम दिने, थपघट गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिएको छ । विस्तृत योजनागत बजेट बाडफाड गरी नगरसभावाट पारित भएका योजनामा मात्र बजेट खर्च गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>वजेट रकम</th></tr>
<tr><td>१</td><td>गत विगतका अधुरा योजनाहरु, कार्यक्रमहरु पुरा गर्ने</td><td>२६,०००,०००</td></tr>
<tr><td>२</td><td>विभिन्न कार्यक्रम संचलान गर्न मैचिङ्ग फण्ड</td><td>१०,०००,०००</td></tr>
<tr><td>३</td><td>भैपरी आउने पूजिगतः</td><td rowspan="5">१८,००,००००</td></tr>
<tr><td rowspan="4"></td><td>वैदेशिक रोजगार प्रवर्द्धन सम्बन्धि कार्यक्रम-... रु.५००,०००</td></tr>
<tr><td>नगर तथा वडाका बाटो मरम्मत संभार कार्य ........ रु.१५००,०००</td></tr>
<tr><td>नगरपालिकाको मेशिनरीबाट समय समयमा विभिन्न अपर्झट कार्य गर्दा लाग्ने ईन्धन खर्च रु.१,०००,०००</td></tr>
<tr><td>नगर स्तरिय विभिन्न लक्षित वर्गमा कार्यक्रम ...........रु.१५,०००,०००</td></tr>
<tr><td></td><td>जम्मा........................रु.</td><td>५४००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td>भैपरि तथा जगेडा कोष : योजना तयगर्दा आकस्मिक, भैपरी तथा जगेडा भनि छुट्याउन नमिल्नेमा नगर सभावाट भैपरी तथा जगेडा वापत योजना तयगरेको र सो अनुरुप वजेट विनियोजन समेत गरेको अवस्था छ । कार्यक्रम र वस्तुनिष्ठ योजना वेगर यसरी रकम विनियोजन गर्न मिल्दैन । नगरस्तरिय योजनामा भैपरी पूँजिगत रु.१ करोड ८० लाख छुट्याएको देखिन्छ । अमूर्त रुपमा रकम विनियोजन र वाडफाड गर्ने कार्य नियन्त्रणगर्न आवश्यक छ । अवण्डा रुपमा रकम राख्दा समावेशी नहुने र वितरणमा एकरुपता समेत कायम नहुने हुँदा वडागत रुपमा नै रकम विनियोजन गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६</td><td>कार्यविधि : नगरपालीकाले संचालन गरेको योजनाहरु मर्मत संभार गरी दीगो व्यवस्थापन गर्न कोष खडा गरेको र यस्ता कोषको कार्य संचालन कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कोष परिचालन गर्नु आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>२७</td><td>चौमासिक खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट चौमासिक खर्चको विवरण मागगर्दा उपलव्ध गराएको छैन । नगरपालीकाले यस वर्ष खर्च गरेकोमा अधिकांश निर्माण तथा कार्यक्रम खर्च तेश्रो चौमासिकमा उस्मा पनि आर्थिक वर्षको अन्तमा आएर खर्चकोचाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । तेश्रो चौमासिकमा भएको अधिकाशं खर्च आषाढमा भएको छ । कार्यको गुणस्तरियता सुनिश्चित गर्न अषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td>जिन्सी निरिक्षण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७५।७६ मा जिन्सी निरिक्षण गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सीलगत तयार नगरेको,</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा , स्वास्थ्य , शिक्षा , सेवा केन्द्र , नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| ३० | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| ३१ | **उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।<br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । | |
| ३१.१ | उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको तर कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ ।<br>लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । | |
| ३१.२ | **निर्माण कार्यको गुणस्तर–** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ । | |
| ३२ | **सामुदायिक भवन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले विभिन्न ३०० वटा योजना मध्ये ४ वटा सामुदायिक भवन निर्माण उपभोक्ता समितिमार्फत् निर्माण कार्य गराई श्रमदान समेत रु.१६,३१,२००।- र १२ नं. वडा कार्यालय भवन निर्माण गराई रु.६,१८,९००।-खर्च लेखेको देखियो । कार्यालयको उद्देश्य रोजगारीको सिर्जना गर्ने समेत नरहेकोले प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ३३ | **भ्रमण अभिलेख एवं प्रतिबेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थीत राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भनि मुल्याङ्कन गर्न सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ३४ | **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा. नं. १७१) मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजांच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा यस आयोजनाबाट सम्झौता भएका सबै ठेक्काको नापी प्रयोजनको लुज सिट नै प्रयोग गरेको छ । नापी किताव तोकिएको ढांचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा २० वर्षसम्म आवश्यक सूचना लिनसकिने अवस्था छैन । लुजसिटलाइ) नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिदैन । तसथ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न. १७२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| ३५ | **डोर हाजिरी फाराम नियन्त्रण खाता** : कायांलयले डोर हाजिरी फाराम नियन्त्रण खाता (म.ले.प.फा.नं.१७५) राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गनुंको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अवस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गनें व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| ३६ | **अवकास कोष** : नगरपालीकाले स्थानीय सेवाको कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून वमोजिम | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अवकाश हुदाँ प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृति भरण , औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलववाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा समेत गर्नुपर्ने व्यवस्था छ । सेवा वा पदवाट कर्मचारी अलग हुदाँ उक्त कोषवाट खर्च लेखी सुविधा उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा उल्लेख छ । ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिक देखी १० प्रतिशतको योगदान व्यवस्था अपनाउनूपर्नेमा अपनाएको देखिएन । कानूनको व्यवस्था तत्काल पालना गरिनूपर्दछ । | |
<tr><td></td><td>
<table>
<tr><th>भौ.न र मिति</th><th>फर्म । उपभोक्ता समितिको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६३।०७६।१।९</td><td>सन्तऋषि सप्लायर्स</td><td>पि.एस.सि.पोल ९ मि. ११ थान</td><td>४८५,२३८।००</td></tr>
<tr><td>२७७।०७६।३।२५</td><td>विभिन्न सडकमा ह्युम पाइप राख्ने उपभोक्ता समिति</td><td>ह्युम पाइप २२ थान</td><td>३,८५,०००।००</td></tr>
<tr><td>२८५।०७६।३।२५</td><td>आर्यन जेनरल सप्लायर्स</td><td>ह्युम पाइप १७ थान</td><td>४,९०,२२८।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा १३६०४६६.०० | |
| ६४ | **प्रमाण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा नगरि वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरि अद्यावधिक गरि राख्नुपर्ने , नियम ३६(३) वमोजिम वजेट खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार रु. ४१३२६४४.०० खर्च गरेकोमा कैफियतमा उल्लेखित व्यहोरा खर्च साथ संलग्न छैन । अत : कैफियतमा उल्लेखित प्रमाण संलग्न गरी खर्चलाई प्रभावकारी वनाउनु पर्ने रु.................................. | ४१३२६४४.०० |

| भौ.न.। मिति | फर्म । सस्था । व्यक्ति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ६४/०७६/१/१ | ना.सु श्री विरेन्द्र कुमार लाल कर्ण | आँखा शिविर संचालन | १५०००० | गोश्वारा भौचर मात्र, खर्चको प्रमाण नभएको |
| २०५/०७६/३/२५ | साना सिचाई तथा पैनी निर्माण उ.स | पैनी निर्माण | ५३०८८५ | विस्तृत नापी नभएको |
| २०६/०७६/३/२५ | कृषि सडक निर्माण उ.स | कृषि सडक | ४९३०५३ | विस्तृत नापी नभएको |
| २००/०७६/३/२५ | आर.डि कन्सट्रक्सन | हेण्डपाइप जडान | ४८१८०७ | विस्तृत नापी नभएको |
| २०७/०७६/३/२५ | डि.के.ब्रदर्स एण्ड बिल्डर्स | कृषि सडक | ४८१६८५ | विस्तृत नापी नभएको |
| ३१४/०७६/३/१६ | शाह मार्ट | रिभल्विङ्ग चियर | ३९३२४ | जिन्सी दाखिला नभएको |
| ३१५/०७६/३/२५ | जे.वि इन्टरप्राइजेज | इन्भटर खरिद | ६३४१४ | जिन्सी दाखिला नभएको |
| ३१६/०७६/३/२५ | शाह मार्ट | पर्दा,डोरम्याट,किचन चाक लगायत सामान | १८०८१५ | जिन्सी दाखिला नभएको |
| ३२२/०७६/३/२५ | इर्जि इन्टरप्राइजेज | ब्याग,नोटबुक,जेलपेन | २८५८९० | जिन्सी दाखिला नभएको |
| ३२४/०७६/३/२५ | गणेश वाक्स उधोग | अफिस दराज | ५०८५० | जिन्सी दाखिला नभएको |
| ३२६/०७६/३/३१ | आश्रीका ट्रेड लिंक | ल्यापटप | ८९९०० | जिन्सी दाखिला नभएको |
| ३३३/०७६/३/२७ | न्यु राम जानकी ट्रेडर्स | ए.सि | ८१६०० | जिन्सी दाखिला नभएको |
| ३३४/०७६/३/३१ | त्रिदेव स्टेशनरी | कार्यालय सामान | ५८१९० | जिन्सी दाखिला नभएको |
| ३३५/०७६/३/२७ | न्यु त्रिदेव अफसेट प्रेस | कार्यालय सामान | १८१५० | जिन्सी दाखिला नभएको |
| ३४५/०७६/३/१५ | मोवाइल मल | स्यामसुङ्ग मोवाइल | ९९९०० | जिन्सी दाखिला नभएको |
| ३२९/०७६/३/२५ | नखुलेको | नखुलेको | ५३४०० | गोश्वारा भौचर मात्र , खर्चको प्रमाण नभएको |
| ५९/०७६/१/९ | | मर्मत सामान | ४६६८२ | जिन्सी दाखिला नभएको |
| ६०/०७६/१/९ | | मर्मत सामान | १४१९२८ | जिन्सी दाखिला नभएको |
| ६१/०७६/१/९ | | मर्मत सामान | १४९४११ | जिन्सी दाखिला नभएको |
| ३१/०७५/१०/२५ | | गाडी डेकोरेशन सामान | १३५८०० | जिन्सी दाखिला नभएको |
| ९१/०७६/१/११ | सायलोक आयुर्वेद पसल | आयुर्वेदिक औषधी | ४९९९६० | जिन्सी दाखिला,प्रयोग र मौज्दातको विवरण नभएको । |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा | ४१३२६४४.०० | |

**६५** **राजश्व दाखिला :** स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अन्तर्गत अग्रिम कर स्थानिय अधिकार भित्र देखिदैन । अत : नगरपालिकाले निम्न अनुसार रु. २७१६९९.०० कट्टा गरी नगरपालिकाको संचित कोषमा जम्मा गरेको अग्रिम कर संघिय कोषको राजस्व शिर्षकमा जम्मा गर्नुपर्ने देखिएको रु. — २,७१,६९९।००

**६६** **सेवा शुल्क :** गो.भौ.न १७०।०७६।३।२४ आयकर ऐन को दफा ८८(१) अनुसार सेवा शुल्क भुक्तानी गर्दा भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यावस्था छ । कार्यालयले नगरपालिकाका लागि आवश्यक विधेयकहरुको मस्यौदा तयार गर्ने श्री सन्तोष प्रसाद ढुंगेललाई रु ४९५६००।०० भुक्तानी गरेकोमा भुक्तानीमा १५ प्रतिशत ले हुने रु ७४३४०।०० कर कट्टा गर्नुपर्नेमा रु ७४३४।०० मात्र कट्टा गरेकोले नपुग कर रु ६६९०६।०० सम्वन्धितवाट असुल गरी राजस्व दाखिला गनुपर्ने .......रु.. — ६६९०६।००

**६७** **हाजिरी मेशिन दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार कार्यालयमा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरि अद्यावधिक गरि राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यावस्था छ । कार्यालयले उल्लेखित व्यावस्थाको पालना नगरी हाजिरी मेशिन निम्न अनुसार ३० थान सोझै फर्म बाट खरिद तथा जडान भनी रु. ९९८३५४.०० खर्च गरेको छ । खरिद मेशिन मध्ये १ थान कार्यालयमा जडान भएको छ भने अन्य मेशिन जिन्सी दाखिला समेत छैन । कार्यालयमा एक मात्र विधुतिय हाजिरी मेशिन जडान भएको तथा अन्य कार्यालयको जिन्सी शाखामा मौज्दात समेत नदेखिएकोले खर्चको वास्तविकता एकिन गरी जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने रु........................... — ९९८३५४.००

| भौ.न.। मिति | फर्म । सस्था | विवरण | रकम |
|---|---|---|---|
| ५५/०७५/१२/२४ | एम.टेच स्टोर प्रा.लि | हाजिरी मेशिन १५ थान | ४९९१७७.०० |
| ५८/०७५/१२/२४ | स्टार कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स | हाजिरी मेशिन १५ थान | ४९९१७७.०० |
| | जम्मा | | ९९८३५४.०० |

**६८** **धरौटी जम्मा :**गो.भौ.न ३३२।०७६।३।३१ कार्यालयले विभिन्न निर्माण व्यावसायिबाट कट्टा गरी राखेको धरौटी रु. ७६६५७०।०० धरौटी खातामा ट्रान्सफर गरेको भनी वैङ्क नगदी किताबमा जनाएकोमा धरौटी खातामा जम्मा नभएकोले सम्वन्धित खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु. — ७६६५७०।००

**६९** **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्नानुसार उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको विल भरपाई पेश गरी रु.४७८२६१९.१ भुक्तानी भएता पनी उल्लेखित व्यावस्था अनुसार गरेको छैन ।अत :कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी खर्च नियमित गर्नुपर्ने देखिएको रु. — ४७८२६१९.१

| भौ.न.। मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| ११०ख/०७६/२/३० | नया कृषि सडक निर्माण उ.स | कृषि सडक | ५४९९७५.०० | स्वेता कन्स्ट्रक्सन प्रा.लि |
| १४१/०७६/३/१८ | सडक निर्माण उ.स | कृषि सडक | १४३९६८०.०० | एकता निर्माण सेवा |
| १५२/०७६/३/१८ | किरतपुरको रामजुलुम घर देखि सिता धाट सम्म सडक ग्रावेल र कलभर्ट निर्माण | सडक ग्राभेल र कलभर्ट निर्माण | ५०४५३७.१ | सुमन्त कन्स्ट्रक्सन प्रा.लि |
| १९८/०७६/३/२५ | कोठिया वल्टिया प्रत्येक | बाटो ग्राभेल | ६३६६४४.०० | मा भवानी निर्माण |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | गल्लिमा बाटो ग्राभेल उ.स | | | सेवा |
| २४२/०७६/३/२५ | राजकिशोर राय घर देखि गोविन्दपुर भैरव स्थान सम्म सडक निर्माण उ.स | सडक निर्माण | ५३३६७६.०० | नागमनी कन्स्ट्रक्सन प्रा.लि |
| २७८/०७६/३/२८ | वोष्णुवाध पोखरी देखि खरिहानी सिमाना सम्म कृषि सडक निर्माण उ.स | कृषि सडक निर्माण | ६९२५९७.०० | नागमनी कन्स्ट्रक्सन प्रा.लि |
| ३०३/०७६/३/२५ | किरतपुर रामजानकी मन्दिर देखि जरहिया गाँउसम्म सडकमा ग्राभेल निर्माण उ.स | सडकमा ग्राभेल | ४२५५१०.०० | सन्यम कन्स्ट्रक्सन |
| | **जम्मा** | | ४७८२६१९.१ | |

**७०** **विल विजक :**आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(८) वमोजिम वजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार अमानत बाट कार्य गर्दा प्राविधिक विलमा मूल्यअभिवृद्धि कर विजक वेगर मूल्यअभिवृद्धि कर समावेश गरी तथा सम्बन्धितलाई बिल वेगर कन्टिजेन्सी रकम भुक्तानी भएकोले विजक वेगर मूल्यअभिवृद्धि कर तथा कन्टिजेन्सी रकम रु. ४३६८५.०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु....... — ४३६८५.००

| भौ.न. । मिति | पदाधिकारी । ब्यक्ति | कामको विवरण | कन्टिजेन्सी रकम | मूल्यअभिवृद्धि कर | जम्मा |
|---|---|---|---|---|---|
| १४६/०७६/३/१७ | वडा अध्यक्ष श्री वृज किशोर यादव | पाइप जडान | ३४०९.०० | १०१४६.०० | १३५५५.०० |
| १८०/०७६/३/२४ | वडा अध्यक्ष श्री सन्तोष कुमार शाह | विधुत मर्मत | ० | १०८९०.० | १०८९०. |
| ११०/०७६/२/३० | राम महतो | विधुत जडान | ० | १०८९०.०० | १०८९०.०० |
| ३४१/०७५/१२/१४ | सव इ. श्री अशोक कुमार शाह | | ० | ३४५९.०० | ३४५९.०० |
| १८९/०७६/३/२५ | वडा अध्यक्ष श्री सन्तोष कुमार शाह | सरसफाई | २८१४.०० | ० | २८१४.०० |
| २९०/०७६/३/२५ | वडा अध्यक्ष श्री सन्तोष कुमार शाह | सरसफाई | २०७७.०० | ० | २०७७.०० |
| | जम्मा | | ८३००.०० | ३५३८५.०० | ४३६८५.०० |

**७१** **प्राविधिक नाप :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्न अनुसार उपभोक्ता समितिबाट विधुतिय पोल खरिद तथा जडान भएको रु. ३२३५६५४.७५ भुक्तानी गरेकोमा उक्त पोलहरु जडान देखिने गरी विस्तृत प्राविधिक नापी पेश भएको छैन । अत : विद्युतिय पोल जडान भएको प्राविधिक विल पेश गर्नुपर्ने रु. — ३२३५६५४.७

| भौ.न. । मिति | उपभोक्ता समिति | विवरण | रकम |
|---|---|---|---|
| २४६/०७६/३/२५ | कृषि पोल तार खरिद उ.स | पि.एस.सि पोल रु ७११६९९।४५,ढुवानी तथा जडान रु.५४३९४२।१८ | १२५५६४१.६३ |
| ३७७/०७६/३/२५ | कृषि विद्युत पोल जडान उ.स | पि.एस.सि पोल ९ मि. १३६ थान रु. ११५६०००।००, ढुवानी तथा जडान रु.८२४०१३।१२ | १९८००१३.१२ |
| | **जम्मा** | | ३२३५६५४.७५ |

**७२** **विजकको ढाँचा :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क)

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्महरुलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु. १८२८२८.२६ सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने ............................................रु. | १८२८२८.२६ |

| ब.उ.शि.नं. | भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| वित्तिय समानिकिकरण | २२८/०७६/३/२५ | जय बाबा नर्सिङ्ग कन्ट्रक्सन | माटो ग्राभेल | २२१६७.८२ | विजक नम्बर ४१।०७६।३।२५ हस्तलिखित भएको । |
| वित्तिय समानिकिकरण | २४८/०७६/३/२५ | राजिव निर्माण सेवा | कल्भर्ट निर्माण | ४५८०५.४४ | विजक नम्बर उल्लेख नभएको |
| वित्तिय समानिकिकरण | ३४६/०७६/३/२५ | अतिथि ईण्टरनेशनल कन्सलटेन्सी | क्षमता अभिवृद्दि तालिम | ५७३९५.०० | विजक नम्बर २५।०७६।३।१६ हस्तलिखित भएको । |
| वित्तिय समानिकिकरण | २१०/०७६/३/२५ | रिसर्चएण्ड म्यानेजमेन्ट कन्सलटेन्सी प्रा.लि | प्रतिवेदन तयारी | ५७४६०.०० | विजक नम्बर २७।०७६।३।२२ हस्तलिखित भएको । |
| | | जम्मा | | १८२८२८.२६ | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७३ | **बढि भुक्तानी** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी निम्नानुसार रु. ३४३२४.८३ प्राविधिक विल भन्दा बढि भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने .......रु. | ३४३२४.८३ |

| भौ.न. । मिति | फर्म । संस्था । उ.स | भुक्तानी रकम | प्राविधिक विल | वढि भुक्तानी |
|---|---|---|---|---|
| २९०/०७६/३/२५ | सन्तोष कुमार शाह | ७५०००.०० | ७१३१३.१७ | ३६८६.८३ |
| २४०/०७६/३/२५ | मा राजदेवी निर्माण सेवा | ४७९९७२.०० | ४७२६१४.०० | ७३५८.०० |
| २७५/०७६/३/२५ | ग्रोअप कन्स्ट्रक्सन प्रा.लि | ४४९९६८.०० | ४३३०३८.०० | १६९३०.०० |
| २७६/०७६/३/२५ | नागमणि कन्स्ट्रक्सन प्रा.लि | ४७८०६८.०० | ४७१७१८.०० | ६३५०.०० |
| | जम्मा | १४८३००८.०० | १४४८६८३.१७ | ३४३२४.८३ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७४ | **फोटोकपी बिल** : भौ.न.मिति ७२।०७६।१।११ आर्थिक कार्याविधि नियमावली,२०६४ को नियम ३६(८) वमोजिम वजेट खर्च गर्दा रित पुगे नपुगे जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रिमोट एरिया डेभलोपमेन्ट एण्ड इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि लाई सपिङ्ग कम्प्लेक्सको डि.पि.आर तयार गरे वापत रु.९८८७५०।०० भुक्तानी गर्दा खर्च साथ सक्कल बिल संलग्न छैन । अत : सक्कल बिल पेश गर्नुपर्ने रु......................................... | ९८८,७५०। |
| ७५ | **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) वमोजिम वजेट खर्च गर्दा रित पुगे नपुगे जाँच गरी भुक्तानी गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्नानुसार रु १६२५०००.०० भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा कार्यालयले रु. १६३९०६०.०० भुक्तानी गरेको छ । सम्झौता भन्दा बढी भुक्तानी भएको रकम रु १४०६०.०० असुल गर्नुपर्ने देखिएको | १४,०६०। |

| भौ.न. । मिति | फर्म । संस्था | भुक्तानी रकम | सम्झौता रकम | वढि भुक्तानी |
|---|---|---|---|---|
| ७३/०७६/१/११ | इनभाइट इन नेपाल | ३३२९४३.०० | ३२५०००.०० | ७९४३.०० |
| ७४/०७६/१/११ | इनभाइट इन नेपाल | ६५३४०७.०० | ६५००००.०० | ३४०७.०० |
| ७५/०७६/१/११ | इनभाइट इन नेपाल | ६५२७१०.०० | ६५००००.०० | २७१०.०० |
| | जम्मा | १६३९०६०.०० | १६२५०००.०० | १४०६०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७६ | **असूली** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) वमोजिम वजेट खर्च गर्दा बिल भरपाई | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार रु. ८५००००.०० भुक्तानी गर्दा अनुगमन भत्ता वापत रु. १२७५०.०० नवुझाएको र कर कट्टि गरेको रकम दाखिला नभएको रु.१५०७७.०० समेत रु.२७८२७.०० देखिएको छ । उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु...... | २७,८२७ |

| भौ.न. । मिति | फर्म । संस्था | भुक्तानी रकम | कर रकम | अनुगमन रकम | जम्मा |
|---|---|---|---|---|---|
| ४२/०७५/१२/४ | दलित युवा संजाल केन्द्र | ४२५०००.०० | ९१५२.०० | ६३७५.०० | १५५२७.०० |
| ४३/०७५/१२/४ | दलित युवा संजाल केन्द्र | ४२५०००.०० | ५,९२५.०० | ६३७५.०० | १२,३००.०० |
| | जम्मा | ८५००००.०० | १५,०७७.०० | १२७५०.०० | २७,८२७.०० |

## चालुतर्फ

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७७ | **तलवी प्रतिवेदन** : कर्मचारीको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयल कर्मचारी तलव भत्ता खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको देखिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । | |
| ७८ | **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहित खर्चको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा विल भरपाई वेगर भुक्तानी गरेकोमा नियमसम्मत देखिएन । नियम बमोजिम खर्च पुष्टि हुने प्रमाण वेगर खर्च लेखेको रकम सम्वन्धित पदाधिकारलाई जिम्मेवार वनाई पर्याप्त पुष्ट्याई सहित प्रमाण पेश गर्ने अन्यथा सम्वन्धितवाट असूल हुनुपर्ने रु ..... | १३०९०२२/- |

| भौ.नं. र मिति | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|
| ५-०७५/६/२६ | पारिश्रमिक | २४००००.०० | श्रावण देखि आश्विन सम्मको मेस्तरहरुको पारिश्रमिक भुक्तानी गरेकोमा नामावलि र भरपाई नभएको |
| ६-०७५/६/२६ | अनुगमन मुल्यांकन | १५०००.०० | ले.पा. शिव कुमार झाको भ्रमण आदेश र भ्रमण विल पेश नभएको |
| ७-०७५/६/२६ | पारिश्रमिक | ८०००.०० | ड्रा. सैदुल राइनको छुट तलव |
| ९-०७६/६/२६ | कार्यालय सामान | ७७४६०.०० | गोश्वारा भौचर मात्र संलग्न भएको |
| ११-०७५/७/१९ | अनुगमन मुल्यांकन | ४५००.०० | गोश्वारा भौचर मात्र संलग्न भएको |
| १२-०७५/७/१९ | अनुगमन मुल्यांकन | २००००.०० | गोश्वारा भौचर मात्र संलग्न भएको |
| २८-०७५/७/१९ | अनुगमन मुल्यांकन | ४००००.०० | विरेन्द्रलाल कर्ण रु.१००००, भरथ यादव रु.१००००, जितनारायण यादव रु.१०००० र कामेश्वर महासेठलाई रु.१००००.०० भुक्तानी गरेकोमा भ्रमण आदेश र भ्रमण विल पेश नभएको |
| ९३-०७५/९/१ | भत्ता | ७०४०.०० | हाटवजार टेन्डर खर्च |
| ९७-०७५/९/१ | विज्ञापन खर्च | ४०००.०० | जनकपुर वहिरा संघलाई विल भरपाई वेगर भुक्तानी |
| ११८-०७५/९/१९ | सरुवा भ्रमण खर्च | ६५००.०० | प्र.प्र.अ. कमलदेव यादवको भ्रमण आदेश र भ्रमण विल वेगर भुक्तानी |
| १७१-०७५/१०/२५ | विद्युतिकरण | १२९३०९.०० | वडा अध्यक्ष कपिल राउत गडेरीलाई भुक्तानी |
| १८३-०७५/१०/२ | संचार | १००००.०० | प्र.प्र.अ. कमलदेव यादवको मोवाइलमा भुक्तानी |
| २०७-०७५/११/९ | भ्रमण खर्च | १००००.०० | स.ले.पा.संतोष कुमार मण्डल माघ १० देखि २६ सम्म काठमाडौंको भ्रमण आदेश र विर नभएको |
| २१८-०७५/१२/४ | विजुली महसुल | ५०५६८.०० | विल वेगर खर्च |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २२२-०७५/१२/५ | अनुगमन भत्ता | १००००.०० | स.ले.पा.संतोष कुमार मण्डल माघ १० देखि २६ सम्म काठमाडौंको भ्रमण आदेश र विर नभएको |
| | पारिवारिक भ्रमण | ७८५०.०० | |
| २२८-०७५/१२/६ | अनुगमन मुल्यांकन | २००००.०० | ले.पा. शिव कुमार झाको भ्रमण आदेश र भ्रमण विल पेश नभएको |
| २५२-०७६/१/११ | अनुगमन मुल्यांकन | २०००००.०० | स्वीकृत भ्रमण आदेश र भ्रमण विल नभएको |
| २५८-०७६/१/९ | अनुगमन मुल्यांकन | ५००००.०० | उप मेयर निलुदेवी कापर, भ्रमण आदेश र भ्रमण विल वेगर भुक्तानी |
| २६०-०७६/१/९ | आवास खर्च | ३६९००.०० | माघ, फाल्गुण र चैत्रको आवास भनि खर्च लेखेकोमा के प्रयोजनको लागि घर भाडा लिएको , भरपाई र प्रमाण वेगर |
| २७१-०७६/१/१० | अनुगमन मुल्यांकन | २५०००.०० | ह.स.चा. विकास कुमार साहलाई भ्रमण आदेश र विल स्वीकृत वेगर तथा भरपाई नभएको |
| २८७-०७६/१/११ | संचार | ४८०००.०० | विल भरपाई नभएको |
| ” | विजुली पानी | १३२००.०० | ” |
| „ | भान्सेको पारिश्रमिक | ९९०००.०० | „ |
| ३७७-०७५/३/२५ | विद्युत महसुल | ७६२६.०० | भुक्तानी विल नभएको |
| ३९९-०७५/३/२५ | संचार | ६७७५.०० | विश्वकर्मा केवला टि.भी.को फोटोकपी विलवाट भुक्तानी |
| ४००-०७६/३/२५ | पारिश्रमिक | १२००००.०० | का.स.सुष्मा सिंहलाई श्रावण देखि अषाढ सम्मको तलव वडा १३ का वडा अध्यक्षले वुझेको |
| ४१७-०७६/३/२९ | विद्युत महसुल | ४२२९४.०० | विल पेश नभएको |
| | जम्मा...... | १३०९०२२/- | |

७९

**कर कट्टा नभएको** : आयकर ऐन २०५८ को दफा ९७ बमोजिम अन्य भाडा भुक्तानीमा १० प्रतिशत वहाल कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारको भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टा गरेको नदेखिएकोले १० प्रतिशतले हुने वहाल कर रु.५,९७०.०० असूल हुनुपर्दछ ...............रु.

५९७०.००

| सि.नं. | भौ.नं. र मिति | प्रयोजन | भुक्तानी पाउने | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| १. | १७-०७५/७/१८ | नगरपरिषदमा टेन्ट भाडा | भोला टेन्ट हाउस | ५२०० | ५२० |
| २. | २५९-०७६/२/१२ | टेन्ट भाडा भुक्तानी | प्रदिप कुमार दनुवार टेन्ट हाउस | ३२५०० | ३२५० |
| ३. | ३९०-०७६/३/२५ | टेन्ट भाडा भुक्तानी | नेहा टेन्ट हाउस | २२००० | २२०० |
| जम्मा | | | | ५९७०० | ५९७० |

८०

**पदाधिकारीलाई भुक्तानी** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६(३)(७) बमोजिम खर्चको विल भरपाई सहित लेखा राख्ने र राख्न लगाउने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको वडा तथा कार्यालयको खर्च तथा विभिन्न संघ, संस्था तथा व्यक्तिलाई दिएको अनुदान/सहायता सम्वन्धितको नाममा भुक्तानी गरी भरपाई गराई राख्नुपर्नेमा वडा अध्यक्षहरुलाई भुक्तानी गरेको र पदाधिरीहरुले सम्वन्धित फर्म, संघ, संस्था तथा व्यक्तिलाई वितरण गरेको भरपाई पेश हुन नआएकोले खर्च नियमसम्मत नदेखिएको रु..

४१९२३९.००

| भौ.नं. र मिति | प्रयोजन | वडा अध्यक्ष | रकम |
|---|---|---|---|
| १०७-०७५/९/४ | खुल्ला दिशामुक्त कार्यक्रम | वडा १२ , श्री प्रदिप महतो | १०००००.०० |
| २२६-०७६/३/२ | संस्कृति प्रवर्द्धन | वडा ५ श्री देवेन्द्र यादव | ३५०००.०० |
| ३२७-०७५/३/२ | विपत व्यवस्थापन | वडा ५ श्री देवेन्द्र यादव | ३५५७०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३८२-०७६/३/२५ | का.स.ललिता देवी यादवको पारिश्रमिक | वडा ६ श्री वृजकिशोर यादव | ९६०००.०० |
| ३८१-०७६/३/२५ | कार्यालय सामान | वडा ६ श्री वृजकिशोर यादव | ३१३५१०.०० |
| ४०६-२०७६/३/२५ | का.स. दिनेशकुमार महतोको पारिश्रमिक | | ७२०००.०० |
| ४०८-०७६/३/२५ | विविध | वडा ९ | ४६४७५०.०० |
| ४०९-०७६/३/२५ | वडा संचालन | वडा ४, श्री बुशेश्वर ठाकुर | १३७०३५.०० |
| ४४४-०७६/३/२५ | वडा संचालन खर्च | वडा ११ , श्री विशेश्वर यादव | १२५०००.०० |
| ४४६-०७६/३/२५ | वडा संचालन खर्च | वडा ७, रामदेव सहनी | ६२७००.०० |
| २२६-०७५/१२/५ | | वडा ९ अध्यक्ष शुशिल कुमार रायलाई भत्ता वितरण | २३१५३९.०० |
| | | **जम्मा................** | **४१९२३९.००** |

**८१** **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) वमोजिम चालु वर्षको वजेटले नखाम्ने गरी वढी खर्च हुने गरि दायित्व भएको रकम व्यहोर्नु पर्ने भएमा विल भरपाईसहित भुक्तानी दिन वांकीको कच्चावारी (म.ले.प.फा.नं. १८) प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ । नगरपालिकाले भुक्तानी दिन वाँकीको विवरण वेगर यस वर्ष भुक्तानी गरेको नियम सम्मत नदेखिएको...........................................रु. — ७९००००.००

| भौ.नं. र मिति | भुक्तानी लिने तथा प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|
| ३३-०७५/७/१९ | खेलकुद सहयाता | ९७००० | धनुषा मिडिया एण्ड रिसर्च सेन्टर, जनकपुरमा आयोजना भएको दोस्रो प्रदेश स्तरीय महिला पुरुष कब्वडी, रघुनाथपुरमा २०७४ कार्तिक ३ देखी ५ सम्म आयोजना भएकोमा पुरस्कार वितरण वापतको रकम भुक्तानी । |
| १०-०७५/७/१८ | का.सं नरेश कुमार यादव | ७२००० | २०७४ कार्तिक देखी असार सम्म मासिक रु.८००० का दरले पारिश्रमिक भुक्तानी । |
| २४-०७५/७/१८ | का.स. नथुनि कापर | ७२००० | " |
| २५-०७५/७/१८ | का.स.लखन यादव | ७२००० | " |
| २६-०७५/७/१८ | का.स. सुरेश यादव | ७२००० | " |
| ४२-०७५/८/२ | का.स. दिनेश कुमार महतो | ७२००० | " |
| ४३-०७५/८/२ | का.स. सत्यनारायण सहनी | ७२००० | " |
| ६८-०७५/८/१३ | का.स. रंजित साह | ७२००० | " |
| २६३-०७६/१/१० | का.स. मनोज साह | ७२००० | " |
| २७-०७५/७/३० | कार्यालय भवन भाडा | ११७००० | २०७५ वैषाख देखि ०७५ असार सम्म मासिक रु.३९०००.०० का दरले । |
| | जम्मा........रु. | **७९००००** | |

**८२** **अन्य प्रयोजनको खर्च :**आर्थिक कार्यविधि ऐन,२०५५को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असूल उपर गरी विभागीय कारवाहीसमेत गर्न सकिने व्यवस्था छ। कार्यालयले छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको सशष्त्र प्रहरी तथा ईलाका प्रहरीको छुट्टै पर्व कार्यक्रम,मर्मत सुधार आदिमा रु. **१९०३६५**।-लेखेको नियमसम्मत देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने हुदा यस प्रकारको खर्चमा नियन्त्रणसमेत गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १४-०७५/७/१५ | शसस्त्र वेश क्याम्प - दशै खर्च | १५०००.०० |
| २२-०७५/७/१५ | इलाका प्रहरी कार्यालय- नगरसभा उदघाटन तथा वन्द सत्र कार्यक्रममा खटिएका सुरक्षकर्मीको भत्ता | २१०००.०० |
| १९२-०७५/११/६ | इलाका प्रहरी कार्यालय , सवैला-कार्यालयको टेन्डर खोल्दा खटिएका प्रहरीहरुको भत्ता | १७०००.०० |
| १९३-०७५/११/६ | इलाका प्रहरी कार्यालय , सवैला - | १७०००.०० |
| २१७-०७५/१२/४ | इलाका प्रहरी कार्यालय , सवैला | ३०१००.०० |
| २७७-०७६/१/१० | इलाका प्रहरी कार्यालय , सवैला | २१०००.०० |
| ३३९-०७६/३/१२ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश क्याम्प रघुनाथपुर - मर्मत | ५७६६५.०० |
| २२५-०७५/१२/४ | प्रहरी निरिक्षक वेद विक्रिम थापा | ११६००.०० |
| | | **१९०३६५.००** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८३ | **मर्मत आदेश** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। नगरपालिकाले निम्नानुसारको मर्मत खर्च भक्तानी गर्दा सोको मर्मत आदेश र मर्मत अभिलेख तयार नगरी खर्च लेखेको रु. ६,५७,०२०.४० नियम सम्मत नदेखिएको रु. .. | ६५७,०२०.४० |

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४८-०७५/८/३ | मोटरसाइकल मर्मत | ५७८०.०० |
| ४९-०७५/८/३ | मोटरसाइकल मर्मत | ४००००.०० |
| ७३-०७५/८/१८ | मोटरसाइकल मर्मत | १३८६०.०० |
| ८२-०७५/८/१९ | ज १ च १३११ नं. जिप मर्मत | १२३०००.०० |
| १५८-०७५/१०/१५ | ज ५ च १३११ , Kishan Tractor Parts , जनकपुर | ७०००.०० |
| १७०-०७५/१०/२५ | Tata Grand , ए टु जेड अटो सेरीज | २११५०.०० |
| १७३-०७५/१०/२८ | ज १ च १३११, जनकमुर अटो मोवाइल इन्जिनियर वर्कसप , जनकपुर | ८११००.०० |
| १८७-०७५/१०/२७ | आकास इन्टरप्राइजेज | ६५००.०० |
| २१६-०७५/१२/४ | पे.फ. दमकाल चालक जितनारायण साह | ४००००.०० |
| २२७-०७५/१२/६ | गाडी मर्मत,, न्यू ए टु जेड अटो एसोसेरिज | १००५०.०० |
| २३०-०७५/१२/२१ | जे.सी.वि. मर्मत | ७०८५७.०० |
| २३१-०७५/१२/२१ | वडा ४, वडा सचिव नथुनि ठाकुर | २५२८०.०० |
| २६९-०७६/१/१० | श्री कृष्ण डिस्ट्रव्युटर्स, जनकपुर | १३६४८.०० |
| २७४-०७६/१/१० | आर्यन अटोमोवाइल्स | ८२६५.०० |
| ३०४-०७६/२/१३ | वडा ९ मोटरसाइकल मर्मत | १६७४६.०० |
| ३१५-०७६/२/२७ | ए.सि.मर्मत, उँ रिपेयरिङ सेन्टर | ९५००.०० |
| ३५२-०७६/३/१६ | गाडी मर्मत | ९०५०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ३५५-०७६/३/१८ — गाडी सभिसिङ — ९०००.०० | |
| | ३५९-०७६/३/२३ — गाडी मर्मत — १९८९०.०० | |
| ८४ | **जिन्सी दाखिला** : आर्थिक कार्यविधि ऐन २०६४ को दफा १३(१) तथा प्रदेश सरकारको (प्रदेश नं.२) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा २४ (१) अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरि श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न भौचर तथा मितिवाट खरिद गरेको मालसामानको खरिद आदेश, दाखिला, निकासा खर्चको अभिलेख वेगर उक्त सामानको विल भरपाइको आधारमा मात्र खर्च लेखेको देखिन्छ । यसरी खरिद आदेश, दाखिला वेगर लेखेको खर्चको वास्तविकता यकिन गर्न नसकिने प्रमाण वेगरको खर्च ....................रु. | २५००२०७.८० |

| भौ.नं. र मिति | विवरण | सामानको नाम | रकम |
|---|---|---|---|
| ५०-०७५/८/३ | शिवगुरु इलेक्ट्रोनिक्स , सवैला | विद्युतिय सामाग्री | ४५५२५.०० |
| ९३-०७५/९/१ | शिवगुरु इलेक्ट्रोनिक्स , सवैला | विद्युतिय सामाग्री | ८०१०.०० |
| ९६-०७५/९/१ | | मोटर खरिद र अन्य आवश्यक | १७१००.०० |
| ९९-०७५/९/१ | ऋद्धिसिद्धि प्रा.ली. जनकपुर | अफिसटेवल १ थान | १६५००.०० |
| १५०-०७५/१०/१४ | एम.जि.स्टील इण्डष्ट्रीज प्रा.ली. | अफिस दराज ५ थान | ८७५७५.०० |
| १८१-०७५/११/१ | नविन जेनेरल स्टोर्स | जुता २६, मुजा २६ थान | २३५३०.०० |
| १९८-०७५/११/५ | जय दुर्गा अफसेत प्रेस | प्रमणपत्र छपाई | ११०००.०० |
| १९९-०७५/११/८ | न्यू त्रिदेव अफसेट प्रेस | सामाजिक सुरक्षा भरपाई | ३८१५०.०० |
| २००-०७५/११/८ | त्रिदेव प्रेस | जन्म, विवाह, मृत्यू प्रमाण पत्र | १८१४७८.०० |
| २१३-०७५/११/२३ | पायल टायस सेन्टर | ३ थान टायर | ४५००२.०० |
| २२३-०७५/१२/४ | | संचार सम्वन्धि सामान | ९०३८.०० |
| २३४-०७५/१२/२१ | त्रिदेव मसलन्द केन्द्र | स्टेशनरी | ५६१०५.०० |
| २३३-०७५/१२/२१ | त्रिदेव स्टेशनरी जनकपुर | स्टेशनरी | ६४६६५.०० |
| २३२-०७५/१२/२१ | त्रिदेव जनरल अडर्स सप्लायर्स | स्टेशनरी | ४७९२९.०० |
| २३५-०७५/१२/२१ | आदित्य पुस्तक भण्डार | स्टेशनरी | ९८५००.०० |
| २३६-१२/२४ | आदित्य पुस्तक भण्डार | स्टेशनरी | १५४२५.०० |
| | हरी ट्रेडर्स, धनुषा | | ९३२०.०० |
| ३६५-०७६/३/२४ | जे.वि. इन्टरप्राइजेज | Dispensor-1, Cooler-1, Exid battery-2, Ups-1 | १२२४९९.०० |
| २६६-०७६/१/१० | SHAH MART Janakpur | थ्रिसेट सोफ ५ पिस | ५२४९९.८० |
| २६७-०७६/१/१० | श्री जेनेरल स्टोरीज | कार्पेट | ३१५००.०० |
| २६८-०७६/१/१० | श्री जेनेरल स्टोरीज | कार्पेट | ३८८३१.०० |
| २५६-०७६/१/९ | धामी सोपिंग सेन्टर | वडा नं. १२, देवाल घडी | ५२९५.०० |
| | युनियन अफसेट प्रेस | विभिन्न फरमेट छपाई | १०८००.०० |
| २८२-०७६/१/१० | उमेश जेनरल अर्डर सप्लायर्स, जनकपुर | योजना खाता ५०० प्रति र टेन्डर फारम ७५० थान | २४२९५०.०० |
| २९४-०७६/२/९ | कमलामाई स.मिल | फर्निचर | ४३०००.०० |
| २३२-०७६/३/५ | का.स. महादेव महतो | विद्युतिय सामाग्री | १२०००.०० |
| | पुजा प्लाई एण्ड ग्लास हाउस | कार्पेट | ३००९१.०० |
| | | स्टेशनरी | १६३१०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | माता दी विजुली सामग्री | | ९६००.०० |
| ३६८-०७६/३/२४ | | कार्यालय सामान | ७४७५५.०० |
| ३७४-०७६/३/२५ | श्री जेनरल स्टोर्स | कार्यालय सामान | २६५०४.०० |
| ३७५-०७६/३/२५ | दुर्गा अफसेट प्रेस | व्याग प्रिन्ट | ९०००.०० |
| ३८०-०७६/३/२५ | त्रिदेव अफसेट प्रेस | लेटर प्याड | १६५००.०० |
| ३८१-०७६/३/२५ | | स्टेशनरी | ३९०००.०० |
| ३८३-०७६/३/२५ | | पंखा , मोवाइल | ५७४८७.०० |
| ४०३-०७६/३/२५ | | टेवुल, सोफा | १५६१२०.०० |
| ४०४-०७६/३/२५ | | स्टेशनरी, पंखा | २९०४०.०० |
| ४०८-०७६/३/२५ | दिप ज्योती | सोफा सेट २ | ३५०००.०० |
| | सरोज जेनेरल | कार्पेट | ३८२००.०० |
| | शिव गुरु इलेक्टोनिक्स | विद्युतिय साम्रगी | ५७६००.०० |
| ४३२-०७६/३/३१ | | कार्यालयस सामान खरिद | ६७५०५.०० |
| ४३८-०७६/३/३१ | | कार्यालयस सामान खरिद | २००००.०० |
| ४४२-०७६/३/२६ | न्यू मिथिला सप्लायर्स | फर्निचर | ८८९७६.०० |
| ४४३-०७६/३/२७ | आर के सप्लायर्स | water dispensor | ४२५८०.०० |
| ४१८-०७६/३/३० | एस.एम.ट्रेडर्स, जनकपुर | खेलकुद सामग्री (वितरण भएको प्रमाण पेश नभएको) | ३५१७१३.०० |
| | | जम्मा........रु. | **२५००२०७.८०** |

**८५** **विज्ञापन छुट** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा मितव्ययितासमेत लाई ध्यान दिई खर्च गर्नुपर्ने उल्लेख छ । सरकारी विज्ञापन गोरखापत्र दैनिकमा प्रकाशन गर्दा गोरखापत्र संस्थानले २५ प्रतिशतसम छुट दिने गरेको छ । कार्यालयले विज्ञापन वापत विभिन्न पत्रपत्रिकाहरुलाई भुक्तानी गर्दा न्यून छुट लिएको देखिएकोले गोरखापत्र संस्थानवाट विज्ञापन नगरि अन्यत्रबाट विज्ञापन गर्दा निम्नानुसार रु.४५३१२०।०० वढी व्ययभार परेको देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

| भौचर नम्बर | विज्ञापनदाता | विल रकम मु.अ.करवाहेक) | २५ % ले हुने छुट | लिएको छुट | भुक्तानी रकम | छुट नलिइको रकम |
|---|---|---|---|---|---|---|
| १६०-०७५/१०/१५ | नयाँ प्रकाशन प्रा.ली., काठमाडौं (नया पत्रिकामा प्रकासित) | १०००० | २५०० | ०.०० | ११३०० | २५०० |
| | जनकपुर टुडे | ५४००० | १३५०० | २७०० | ५७९७९ | १०८०० |
| | | १८७२०० | ४६८०० | ९३७० | २००९५९.२० | ३७४३० |
| | | ९३६०० | २३४०० | ४७८० | १००४७९.७० | १८६२० |
| | | १९२००० | ४८००० | ९६०० | २०७११२ | ३८४०० |
| | | १७२८०० | ४३२०० | ८६४०.०० | १८५५००.८० | ३४५६० |
| | | १३४४०० | ३३६०० | ६७२० | १४४२७८ | २६८८० |
| | | ७९२०० | १९८०० | ०.०० | ८९४९६ | १९८०० |
| | | ६६००० | १६५०० | ०.०० | ७४५८० | १६५०० |
| २८१-०७६/१/१० | जनकपुर टुडे | ६८४०० | १७१०० | ३४२० | ७३४२७ | १३६८० |
| | | १८७२०० | ४६८०० | ९३७० | २००९५०.२० | ३७४३० |
| | | ८१६०० | २०४०० | ४०८० | ८७५९७.६० | १६३२० |
| | | २८८०० | ७२०० | १४४० | ३०९१६.८० | ५७६० |
| | | १६८०० | ४२०० | ६८४० | १८०३४.८० | -२६४० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १०५६०० | २६४०० | ५२८० | ११३३६१.६१ | २११२० |
| | | ९६००० | २४००० | ४८००.०८ | १०३०५६ | १९१९९.९९ |
| | | ५७६०० | १४४०० | २८८० | ६१८३३.६० | ११५२० |
| | | १३९२०० | ३४८०० | ६९७० | १४९४३१ | २७८३० |
| | | १२४८०० | ३१२०० | ६२४० | १३३९७२.८० | २४९६० |
| | पुजीगत तर्फ | ० | ० | ० | ० | ० |
| २०९-०७६/३/२५ | Apple Media & Advertising Pvt.Ltd. Kathmandu | १४५८०० | ३६४५० | ०.०० | १६४७५४ | ३६४५० |
| ३१३-०७६/३/१९ | टार्गेट एडभरटाइजिङ एण्ड कन्सल्टेन्सी प्रा.ली. ,काठमाडौ. (सौर्य) | १४४००० | ३६००० | ०.०० | १६२७२० | ३६००० |
| | | २१८५००० | ५४६२५० | ९३१३०.०८ | २३७१७४०.११ | ४५३११९.९९ |

८६ **सेवा करार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (१) मा कार्यालय सुरक्षा, चिठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको संचालन तथा रेखदेख लगायतमा सार्वजनिक निकायको दैनिक कार्य संचालन गर्न अत्यावश्यक पर्ने सेवा करारमा लिनुपर्दा कुनै व्यक्ति, फर्म संस्था वा कम्पनिसंग करार गरी त्यस्तो सेवा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा ५ लाख रुपैंया सम्म सेवा शुल्क लाग्ने सेवा सार्वजनिक निकायले वार्ता गरी खरिद गर्न सक्ने छ । सो रकम भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा जिल्लास्तरका सार्वजनिक निकायले १५ दिनको अवधिको स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी सेवा खरिद गर्न सक्ने व्यवस्था उल्लेख छ ।  पालिकाले कर्मचारी सेवा करारमा सूचना प्रकाशन नगरी सोझै करार सेवा खरिद गरी पारिश्रमिक भुक्तानी गरेको पाइयो । नियममा भएको व्यवस्था अनुरुप सेवा करार लिनुपर्नेमा सोझै करारमा सेवा खरिद गरेको पाइएकोले खर्च नियमसम्मत देखिएन ।

८६.१ **करार :** सेवा करारमा कर्मचारी भर्ना गर्दा करार सम्झौतामा उल्लेख भए वमोजिमको पारीश्रमिक भुक्तानी गर्नुपर्दछ । नगरपालिकामा कार्यरत करार कर्मचारीहरुलाई सेवा शर्तमा उल्लेख भए वाहेक रासन भत्ता, आवास खर्च तथा संचार खर्च वापत रु. १३००६०.०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको .......................................रु. १३००६०.००

| भौ.नं. | कर्मचारीको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| १, १११, २५४, ३२०, ३४४ | ह.स.चा.श्री जितनारायण साह | रासन भत्ता | २५०००.०० |
| | ह.स.चा. श्री रामगुन साह | रासन भत्ता | २००००.०० |
| | ह.स.चा. श्री शुभनारायण यादव | रासन भत्ता | २००००.०० |
| | ह.स.चा. श्री सैदुल राईन | रासन भत्ता | २००००.०० |
| २४०-०७६/१/९ | ह.स.चा. श्री सैदुल राईन | आवास खर्च | ३००००.०० |
| ३३२-०७६/३/५ | कम्प्यूटर टेक्निसियन श्री अनिल कुमार जयसवाल | खाना खर्च | ६०६०.०० |
| ३५७-०७६/३/२५ | क.अ. संजिव राउत | संचार (रिचार्ज) | ९०००.०० |
| जम्मा... | | | १३००६०.०० |

८७ **पोशाक भत्ता** :भौ.नं.३१६/२०७६।३।२७, सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को परिपत्र अनुसार कम्तिमा छ महिना सम्मको सेवा करारका कर्मचारीलाई पोशाक भत्ता दिन नमिल्ने व्यवस्था छ । कम्प्यूटर टेक्निसियन श्री अनिल कुमार जयसवालसंग मिति २०७५।९।१ देखि २०७६।३।३० सम्मको लागि मासिक रु.१७०००.०० मा सम्झौता गरेको र सो अवधि पश्चात निज नगरपालिकामा कार्यरत नरहेको जनाएकोले ४ महिना मात्र कार्य गर्ने कर्मचारीलाई पोशाक खर्च भुक्तानी गरेकोले उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्दछ........रु. १००००।००

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८८ | **अतिरिक्त भत्ताः** स्थानिय तहले आन्तरिक श्रोतलाई विचार गरि आफ्नो मातहतका कर्मचारीहरुलाई थप सुविधा दिन सक्ने व्यवस्था छ । नगर सभाको निर्णय वमोजिम यस नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई मासिक १५ प्रतिशतका दरले स्थानीय भत्ता वापत रु. ७,४३,६३८.०० उपलव्ध गराएको छ। वार्षिक आय न्यून रहेको स्थितिमा आन्तरिक श्रोतको परिचालनमा पर्याप्त सुधारनगरि नगरपालिकाले दिर्घकालसम्म स्थानिय भत्ता खर्च धान्नसक्ने आधार देखिँदैन । यस तर्फ स्थानीयतहले ध्यानदिनु पर्दछ । | |

| सि.नं. | भौ.नं. र मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| १. | १०८-०७५/९/४ | कार्तिक र मंसिर महिनाको | ८६६८२.०० |
| २. | १२०-०७५/९/२५ | पुस | ४१३७६.०० |
| ३. | १२४-०७६/९/२९ | छुट | ३३२५.०० |
| ४. | १४६-०७५/१०/१० | | ९३४३.०० |
| ५. | ३०१-०७७६/२/१ | माघ, फाल्गुण र चैत्र | १२३२३३.०० |
| ६. | ३१७-०७६/२/२८ | वैषाख | ४०२०६१.०० |
| ७. | ३२१-०७६/२/२२ | जेष्ठ | ३८८०९.०० |
| ८. | ३४१-०७६/३/१२ | असार | ३८८०९.०० |
| **जम्मा** | | | ७,४३,६३८.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ८९ | **दोहोरो भत्ता :** नगर सभामा काम गरे वापत अतिरिक्त पारिश्रमिक वापत निम्न कर्मचारीहरुलाई १२ दिनको थप भत्ता वापत रु.६२,०००.०० भुक्तानी गरेको छ । नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई १५ प्रतिशतका दरले मासिक प्रोत्साहन भत्ता उपलव्ध गराईएकोमा नगर सभामा समेत थप भत्ता भुक्तानी गरेको मनासिव नदेखिएको अनियमित खर्च रु. | ६२,०००।- |

| सि.नं. | कर्मचारीको नाम | भुक्तानी |
|---|---|---|
| १. | प्र.प्र.अ.श्री राजेन्द्र कार्की | १६०००.०० |
| २. | ले.अ. श्री शिव कुमार झा | १२०००.०० |
| ३. | वडा सचिव श्री कानेश्वर महासेठ | १२०००.०० |
| ४. | वडा सचिव श्री विरेन्द्र लाल कर्ण | १२०००.०० |
| ५. | का.स. श्री महादेव महतो | १००००.०० |
| जम्मा | | ६२०००.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९० | **थप सुविधा :** भौ.नं.२५७/२०७६।१।९, प्रदेश नं. दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ अनुसार पदाधिकारी र सदस्यले अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरी सुविधा तथा भत्ता पाउने उल्लेख छ । उक्त अनुसुचीमा उल्लेख नभएको नगरप्रमुखलाई आवास सुविधा वापत २०७५ आश्विन देखि वैषाख सम्मको रु.२,४०,०००।- अनुगमन मुल्यांकन रु.५००००।- तथा गाडी भाडा रु.७५०००।- समेत जम्मा रु.३,६५,०००।- भुक्तानी भएको छ । यसरी ऐनमा उल्लेख भएबाहेकका सुविधा/भत्ता रकम असूल/ फिर्ता हुनुपर्दछ......................... रु. | ३६५०००।- |
| ९१ | **स्वकिय सचिव :** स्वीकृत दरवन्दी भित्रको कर्मचारी मात्र नियुक्त गरी तलव भत्ता खर्च लेख्नपाउनेमा नगरप्रमुखको स्वकिय सचिव स्वीकृत दरवन्दी भित्र नपर्ने भएकोले दरवन्दी वाहिरको कर्मचारी नियुक्त गरि खर्च लेखेकोले नगरपालिकालाई अतिरिक्त व्ययभार परेको.........................रु. | १९००००/ |

| सि.नं. | भौ.नं. र मिति | नाम | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १. | ७८-०७५/८/१९ | श्री मिथिला साह | २०७५ श्रावण देखि कार्तिक सम्म मासिक रु.२३५००.०० का दरले | ९४०००/ |
| २. | १४२-०७५/१०/३ | मो.सिराजुल आलम | २०७४ आश्विन देखि २०७५ असार सम्म | ९६०००/ |
| **जम्मा** | | | | १९०००० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९२ | **सोधभर्ना :** भौ.नं.३०/२०७५।७।१९, सामाजिक परिचालक राम सागर राय (चौथो तह) लाई जिल्ला समन्वय समिति धनुषावाट सोधभर्ना हुनेगरी भुक्तानी गरेकोमा हाल सम्म पनि सोधभर्ना प्राप्त नभएकोले | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सोधभर्ना प्राप्त गरि कोष दाखिला गर्नुपर्ने रु. | १५९१९०.०० |

| सि.नं. | भौ.नं. र मिति | नाम | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १. | ३०-०७५/७/१९ | राम सागर राय | श्रावण देखि कार्तिकसम्मको महंगी भत्ता रु.८०००.०० समेत | ११०८५०.०० |
| २. | २१२-०७५/११/१७ | | मंसिर र माघको महंगी भत्ता रु.४००० समेत | ४८३४०.०० |
| जम्मा | | | | १५९१९०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९३ | **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नगरपालिकाले निम्न कर्मचारीलाई नगरपालिका भित्र तथा नगरपालिकाको कार्यालयवाट १५ किलोमिटर भन्दा कम दुरी रहेको स्थानमा भ्रमण गर्दा समेत भ्रमण खर्च भुक्तानी गरेकोले यसरी भुक्तानी गरेको दैनिक भ्रमण भत्ता नियम सम्मत नदेखिएको रु......................... | ३८५००/ |

| भौ.नं. र मिति | पदाधिकारीको नाम | भ्रमण अवधि | भ्रमण स्थान | भुक्तानी |
|---|---|---|---|---|
| ८६-०७५/८/१९ | जे.सी.वि.चालक श्री रामगुन साह | २०७५/५/३१-६/४ | सवैला | ४२५०.०० |
| | जे.सी.वि.चालक श्री रामगुन साह | ०७५/५/१-५/३ | वरमझिया | २२५०.०० |
| | दमकल चालक श्री जितनारायण साह | ०७५/५/११-५/१३ | वरमझिया | २२५०.०० |
| | दमकल चालक श्री जितनारायण साह | २०७५/५/३१-६/४ | सवैला | ४२५०.०० |
| ११३-०७५/९/८ | सव.ई.रविन्द्र कु.यादव | ०७५/८/१३-८/२० | सवैला | ७५००.०० |
| | सव.ई.अशोक कुमार यादव | ०७५/८/२५-८/२९ | सवैला | ६०००.०० |
| | सव.ई. दिपक कुमार यादव | ०७५/८/२०-८/२५ | सवैला | ६०००.०० |
| | सव.ई. रविन्द्र कुमार यादव | ०७५/९/१-९/६ | सवैला | ६०००.०० |
| | जम्मा | | | ३८५००.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९४ | **वैठक भत्ता** : प्रदेश नं. दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को अनुसूची १ मा उल्लेख भएको व्यवस्था अनुसार सुविधा पाउने व्यवस्था छ । उक्त अनुसूचिमा पदाधिकारीहरुले वैठक भत्ताको व्यवस्था नगरेको साथै प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ ले एउटै निकाय वा अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा वैठक भत्ता नपाउने उल्लेख गरेकोमा नगरपालिकाले निम्नानुसारको वैठक भत्ता खर्च लेखेकोले सम्वन्धितवाट असूल हुनुपर्दछ रु. | ५,४१,५००.०० |

| भौ.नं. र मिति | विवरण | भुक्तानी |
|---|---|---|
| २०८-०७५/११/९ | विभिन्न मिटिङ वापत वितरण गर्न ई.रंजित कुमार यादवलाई भुक्तानी गरेकोमा वितरण गरेको भरपाई समेत पेश नभएको | १२७५००.०० |
| ४१९-०७६/३/३१ | तेश्रो नगरसभामा वितरण गरेको | ४१४०००.०० |
| | **जम्मा**...................................रु. | ५४१५००.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ९५ | **दैनिक भ्रमण भत्ता** : भौ.नं.१९५ मिति २०७५।११।५, प्रदेश नं. दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को अनुसूची १ मा उल्लेखित सुविधामात्र पाउने व्यवस्था छ । उक्त अनुसूचिमा पदाधिकारीहरुले दैनिक भ्रमण भत्ता प्रति दिन रु.१६००.०० का दरले पाउने उल्लेख गरेकोमा नगर प्रमुख श्री विजय शंकर साहलाई विभिन्न मितिमा काठमाडौं भ्रमण गर्दा रु.२०००.०० का दरले भ्रमण खर्च भुक्तानी गरेकोले ऐनले तोकेको भन्दा वढी भुक्तानी रकम असूल हुनुपर्दछ रु.......... | १५,६९२.०० |

| भ्रमण अवधि | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढी भुक्तानी |
|---|---|---|---|
| २०७५/१/१-१/७ | १०००० | १२५०० | २५०० |
| २०७५/१/१९-१/२६ | १०००० | १२५०० | २५०० |
| २०७५/२/१२-२/१५ | ५१६८ | ६४६० | १२९२ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७५/२/२२-२/२६ | ६८०० | ८५०० | १७०० |
| २०७५/३/५-३/१० | ८४०० | १०५०० | २१०० |
| २०७५/५/९-५/११ | ३६०० | ४५०० | ९०० |
| २०७५/५/१३-५/१६ | ६८०० | ८५०० | १७०० |
| २०७५/५/२५-६/२ | १०००० | १२५०० | २५०० |
| २०७५/९/२-९/१३ | २००० | २५०० | ५०० |
| **जम्मा** | **६२७६८.००** | **७८४६०.००** | **१५६९२.००** |

९६ **पदाधिकारीको पारिश्रमिक :** आयकर ऐन, २०५८ को दफा ८७ प्रचलित आर्थिक ऐन,२०७५ बमोजिम नेपालमा स्रोत भएको प्राकृतिक व्यक्तिको रोजगारी आयमा वार्षिक पारिश्रमिक आय गणना गर्दा पारिवारीक दम्पत्तिको हकमा रु.४ लाख सम्म १ प्रतिशत, सो भन्दा वढी १ लाख सम्म १० प्रतिशत र थप २ लाखमा २० प्रतिशत तथा सो भन्दा माथि ३० प्रतिशत पारीश्रमिक कर लाग्ने व्यवस्था गरेको छ । नगरपालिकाका पदाधिकारीहरुको आर्थिक वर्ष २०७४।७५ तथा २०७५।७६ को पारिश्रमिक यस आर्थिक वर्षमा भुक्तानी भएकोले उक्त रकमको एकमुष्ठ आयमा वार्षिक कर गणना गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको हुनाले निम्नानुसार असूल गरि संघिय संचित कोष दाखिला हुनुपर्दछ रु............ २,४२,४३३।९३

| | पद | नाम | भुक्तानी रकम ( २०७४ असोज देखि २०७६ असार सम्म) | कट्टि हुनुपर्ने आयकर | कट्टि भएको आय कर | आयकर छुट वाँकी |
|---|---|---|---|---|---|---|
| | प्रमुख | श्री विजय प्रसाद साह | ७५८३३३ | ६७४९९.९ | ७५८३.३३ | ५९९१६.५७ |
| | उप प्रमुख | श्री निलुदेवी कापर | ६७१६६७ | ४४३३३.४ | ६७१६.६७ | ३७६१६.७३ |
| | वडा अध्यक्ष | श्री कपिल राउत गडेरी | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री पारस साह | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री सन्तोष साह | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री कुशेश्वर ठाकुर | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री देवेन्द्र प्रसाद यादव | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री वृज किशोर यादव | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | री रामदेव सहनी | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री दुर्गा प्रसाद राय | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री सुशिल कुमार राय | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री परमेश्वर साह सुडि | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री विशेश्वर यादव | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री प्रदिप महतो सुडि | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | वडा अध्यक्ष | श्री भगिरथ महतो | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्री राजु प्रसाद गुप्ता | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्री सत्रुधन पासमान | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्री पुल्गेन साह | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्रीमति सिकलिवा देवी | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्रीमति मजुला पासमान | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्रीमती शान्तिदेवी महरा | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्रीमती रुकमणि कुमारी महरा | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| | कार्यपालिका सदस्य | श्रीमती नेपुर देवी यादव | ४७६६६७ | ११६६६.७ | ४७६६.६७ | ६९००.०३ |
| जम्मा | | | ११४४०००७.०० | ३५६८३४.०० | ११४४००.०७ | २४२४३३.९३ |

९७ **इन्धन खर्चको मापदण्ड :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.२६,५०,९४१ इन्धन खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको तथा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्धारण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ । | |
| ९७.१ | **लगवुकः** कार्यालयले ईन्धन खर्च लेख्दा नियमानुसार सबारी लगबुक तयार गरी राख्नु पर्दछ । नगरपालिकाले यसबर्ष ईन्धन बापत. खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी एकमुष्ट रुपमा ईन्धन खर्च लेख्ने गरेको पाईयो । कार्यालयमा गाडी नभएको अवस्थामा समेत ईन्धन खर्च लेखेकोमा मोटरसाईकल प्रयोगको मापदण्ड तयार नगरि खर्च लेखेको पाईयो । मोटरसाईकललाई ईन्धन उपलब्ध गराउँदा कोटा प्रणाली अनुसार मितव्ययीतालाई ध्यान दिएर उपलब्ध गराउनुपर्दछ । | |
| ९८ | **वडा कार्यालय संचालन खर्च :** नगरपालिकाले प्रत्येक वडा कार्यालयलाई वार्षिक रु. ५,००,०००।० को दरले १३ वटा वडा कार्यालयका लागि वडा सञ्चालन खर्च रु. ७५,००,०००।०० बजेट विनियोजन गरी खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, वैठक चियापान, कार्यालय व्यवस्थापन, संचार, घरभाडा, सरसफाइ लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ९९ | **आर्थिक सहायता :** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुऱ्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले वस्तु तथा सेवामा उपयोगिताको श्रृजना नहुन भै आमूल रुपले प्रतिफल प्राप्त नहुने हुन्छ । तसर्थ वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्नेमा यो वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई रु १४,५९,०६०/-वितरण गरेको देखिन्छ । आर्थिक सहायता उपलव्ध गराउने कानुनमा उल्लेख भएको नदेखिदा वितरण भएको यस्तो खर्च कानुन सम्मत नदेखिएको रु. | १४,५९,०६०/- |

| सि.नं. | भौ.नं. र मिति | विवरण | भाडा रकम |
|---|---|---|---|
| १. | १६-०७५/७/१९ | श्रीरामजानकी युवा क्लव, भलिवल प्रतियोगिता | २०००० |
| २. | ३४-०७५/८/१ | मनोकामना युवा क्लव, छठमा टुनामेन्ट | ५५००० |
| ३. | ३५-०७५/८/२ | गुरास युव क्लव, | २५००० |
| ४. | ३६-०७५/८/२ | आदर्श युवा क्लव | ३१००० |
| ५. | ३७-०७५/८/२ | रामजानकी मन्दिर , रक्षावन्धनमा मेला | ६५००० |
| ६. | ३८-०७५/८/२ | माँ दुर्गा भवानी प्रतिष्ठान, दशै मेला | ३१००० |
| ७. | ३९-०७५/८/२ | छठ पुजा समिति, | २१००० |
| ८. | ४०-०७५/८/२ | गुरास युवा क्लव , कवडी प्रतियोगिता | २२००० |
| ९. | ४४-०७५/८/२ | नवटोलीमा छठ पर्व | २०००० |
| १०. | ४५-०७५/८/२ | साझा विवेकशिल यूवा कमिटि, छठपर्व | २०००० |
| ११. | ४६-०७५/८/३ | गुरास यूवा क्लव, कवडी प्रतियोगिता | २०००० |
| १२. | ४७-०७५/८/३ | गुरास यूवा क्लव, कवडी प्रतियोगिता | २०००० |
| १३. | ५२-०७५/८/९ | छठ व्यवस्थापन, वडा नं. ७ श्री भरत कापर | १०००० |
| १४. | ५३-०७५/८/९ | छठ व्यवस्थापन , वडा नं. २ , श्री नथुनि यादव | १०००० |
| १५. | ५४-०७५/८/९ | छठ व्यवस्थापन वडा नं. १ श्री गुनेश साह | ३००० |
| १६. | ५५-०७५/८/९ | छठ व्यवस्थापनवडा नं. २ श्री जित किशोर यादव | ३००० |
| १७. | ५६-०७५/८/९ | छठ व्यवस्थापन, वडा २ श्री हिरा साह | ९००० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १८. | ५७-०७५/८/९ | छठ व्यवस्थापन, वडा २ श्री सरोज नायक | १०००० |
| १९. | ५८-०७५/८/९ | छठ व्यवस्थापन, वडा २ श्री अमित प्र.जयसवाल | १०००० |
| २०. | ६०-०७५/८/९ | छठ व्यवस्थापन, वडा नं.७ श्री रामबुहेश्वर सहनी | १०००० |
| २१. | ६२-०७५/८/९ | जितिया पर्व, वडा ७ श्री अमरेश सहनी | २०००० |
| २२. | ६४-०७५/८/९ | गुरास युवा क्लव, दशै पर्व | ५००० |
| २३. | ६५-०७५/८/९ | लक्ष्मी पुजा | १०००० |
| २४. | ६६-०७५/८/९ | मनोकामना युवा क्लव, | ३७००० |
| २५. | ६७-०७५/८/९ | राधाकृष्ण युवा क्लव, | ३०००० |
| २६. | ७२-०७५/८/१२ | आदर्श युवा क्लव, | ३०००० |
| २७. | ७७-०७५/८/१२ | छठपर्व व्यवस्थापन, वडा ४ श्री कुशेश्वर ठाकुर | ५९४५० |
| २८. | ८३-०७५/८/१९ | श्री रामजानकी यूवा क्लव, भलिवल प्रतियोगिता | २०००० |
| २९. | ९४-०७५/९/१ | गुरास यूवा क्लव, कब्बडी प्रतियोगिता | ७६००० |
| ३०. | १००-०७५/९/१ | आप्रवासी कामदार हकहित संरक्षण केन्द्र | १०००० |
| ३१. | १०२-०७५/९/२ | राधाकृष्ण यूवा क्लव | २५००० |
| ३२. | १०४-०७५/९/२ | सरस्वती मा.वि. ठिल्ला , शैक्षिक भ्रमण | ४०००० |
| ३३. | १०५-०७५९/४ | जन्मभूमि विकास मंच, खेलकुद प्रतियोगिता | १५०००० |
| ३४. | १०६-०७५/९/४ | जन्मभूमि विकास मंच, खेलकुद प्रतियोगिता | ८५५२० |
| ३५. | १९३-०७५/९/२० | भाग्य श्री यूवा क्लव, खेलकुद | ४५००० |
| ३६. | १३५-०७५/१०/२ | हनुमान युवा क्लव, खेलकुद | २०००० |
| ३७. | १३६-०७५/१०/२ | वडा ५ श्री रामनारायण खत्वे, खेलकुद | १०००० |
| ३८. | १३८-०७५/१०/२ | रामजानकी नमूना मा.वि.कुशमाहा, मन्त्रीको स्वागत | ४२५०० |
| ३९. | १४३-०७५/१०/३ | सुट्टा कुमर दनुवार | ५००० |
| ४०. | १५५-०७५/१०/१५ | वालकृष्ण यूवा क्लव, कष्ण अष्ठिमीमा कब्वडी खेल | ७०००० |
| ४१. | १६८-०७५/१०/२१ | श्री न्यू शिवशक्ति यूवा क्लव | १५००० |
| ४२. | १८४-०७५/११/२ | वडा ९ श्री कुशेश्वर यादव, लक्ष्मीपुजा मेला | २१००० |
| ४३. | २४९-०७६/१/९ | वडा १० गेरुवाहीटोलमा सार्वजनिक नवाह | २४०९० |
| ४४. | २५१-०७६/१९ | नेपाल निजामति कर्मचारी यूनियन(संघ), जनकपुर | १०००० |
| ४५. | २८४-०७५/१/१० | मैथली विकास कोष | १०००० |
| ४६. | ३०५-०७५/२/१४ | सल्हेश मेला, वडा १३ | ३३५०० |
| ४७. | ३११-०७५/२/१६ | चैते दशै, वडा ७ | ३०००० |
| ४८. | ३३५-०७५/३/९ | जितिया जागर कार्यक्रम | १०००० |
| ४९. | ३४०-०७५/३/१२ | पमरीया नृत्य, अनुप जनकपुर मेडिया प्रोड्क्सन हाउस, प्रा.लि. | १०००० |
| ५०. | ३७३-०७५/३/२५ | साना किसान कृषि सहकारी संस्था, सेवाग्राही कार्यालय उद्घाटन | ७५००० |
| ५१. | ४४५-०७६/३/२५ | वडा १०, संस्कृतिक प्रवर्द्धन | १५००० |
| | | जम्मा................रु. | १४५९०६०/- |

| | | |
|---|---|---|
| १०० | **सवारी साधन भाडा खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने, २० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी आवश्यकता पहिचान तथा प्रयोजन समेत नखुलाई रु १७०२०००.०० गाडी भाडा खर्च लेखेको नियमित नदेखिएको रु | १७,०२,०००.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| भौ.नं. र मिति | विवरण | भाडा रकम |
|---|---|---|
| ३-०७६/६/२६ | वा.ञ८ च. ३१३९ गाडी को २०७५।४।१ देखि ६।२६ सम्म | २३२००० |
| ७०-०७५/८/१४ | उप मेयर र प्रमुख प्र.अं को गाडी भाडा | ४००००० |
